# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, असोज ५ गते, २०८३ साल (संख्या ३५

## भाग ३

### नेपाल सरकार

### भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

### सूचना

**संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ३५**

**<u>सहकारी (पहिलो संशोधन) नियमावली, २०८३</u>**

सहकारी नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहकारी ऐन, २०७४ को दफा १४९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

**१.** **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "सहकारी (पहिलो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२.** **सहकारी नियमावली, २०७५ को नियम २ मा संशोधन** : सहकारी नियमावली, २०७५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (घ) र (ङ) को सट्टा देहायका खण्ड (घ) र (ङ) राखिएका छन् :-

"(घ) "कर्जा सूचना केन्द्र" भन्नाले प्रचलित कानूनबमोजिम स्थापना भएको कर्जा सूचना केन्द्र सम्झनु पर्छ।

(ङ) "निक्षेप तथा कर्जा सुरक्षण कोष" भन्नाले निक्षेप तथा कर्जा सुरक्षण कोष सम्बन्धी प्रचलित कानूनबमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोष सम्झनु पर्छ।"

**३.** **मूल नियमावलीको नियम ५ मा संशोधन** : मूल नियमावलीको नियम ५ को उपनियम (३) को खण्ड (ग) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर ऐनको दफा ५० को उपदफा (९) बमोजिम गठन हुने सहकारी बैङ्कको हकमा यो व्यवस्था बाध्यकारी हुनेछैन।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **<u>मूल नियमावलीमा नियम ७क. थप</u>** : मूल नियमावलीको नियम ७ पछि देहायको नियम ७क. थपिएको छ :-

"**७क. <u>इजाजतपत्रको नवीकरण</u>** : (१) ऐनको दफा १६क. बमोजिम प्राधिकरणबाट इजाजतपत्र (अपरेटिङ लाइसेन्स) लिएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र इजाजतपत्र नवीकरण गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम नवीकरणका लागि त्यस्तो संस्थाको कुल सम्पत्ति वा पूँजी तथा दायित्वको अनुपातमा देहाय बमोजिमको दस्तुर लाग्नेछ :-

(क) दुई करोडसम्म सम्पत्ति भएकोमा एक हजार रुपैयाँ,

(ख) दुई करोडभन्दा बढी दश करोडसम्म सम्पत्ति भएकोमा तीन हजार रुपैयाँ,

(ग) दश करोडभन्दा बढी पच्चिस करोडसम्म सम्पत्ति भएकोमा पाँच हजार रुपैयाँ,

(घ) पच्चिस करोडभन्दा बढी पचास करोडसम्म सम्पत्ति भएकोमा सात हजार रुपैयाँ,

(ङ) पचास करोडभन्दा बढी एक अर्बसम्म सम्पत्ति भएकोमा दश हजार रुपैयाँ,

(च) एक अर्बभन्दा बढी सम्पत्ति भएकोमा पन्ध्र हजार रुपैयाँ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) बमोजिमको अवधिभित्र नवीकरण नगराएमा सोही आर्थिक वर्षको पुस मसान्तभित्र पचास प्रतिशत थप दस्तुर लिई प्राधिकरणले इजाजतपत्र नवीकरण गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम नवीकरण गर्न नसकेका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको इजाजतपत्र प्रत्येक आर्थिक वर्षका लागि शत प्रतिशत थप दस्तुर लिई प्राधिकरणले त्यस्तो इजाजतपत्र नवीकरण गर्न सक्नेछ।

तर लगातार दुई आर्थिक वर्षसम्म इजाजतपत्र नवीकरण नगराउने बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको इजाजतपत्र स्वतः निलम्बन हुनेछ र त्यसरी निलम्बन भएको जानकारी रजिष्ट्रारलाई दिनु पर्नेछ।

(५) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले इजाजतपत्र नवीकरणका लागि वार्षिक साधारण सभा, लेखापरीक्षण प्रतिवेदन लगायत प्राधिकरणले तोकेका अन्य विवरण पेस गर्नु पर्नेछ।

(६) प्राधिकरणले यस नियम बमोजिमको इजाजतपत्र नवीकरण सम्बन्धी कार्य व्यवस्थापन सूचना प्रणाली मार्फत समेत गर्न सक्नेछ।

(७) ऐनको दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको इजाजतपत्र नवीकरण गरिने छैन।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **मूल नियमावलीको नियम १० मा संशोधन**: मूल नियमावलीको नियम १० को उपनियम (४) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ:-

"(ङ) सम्बन्धित स्थानीय तह र प्रदेश सरकारबाट सिफारिस प्राप्त भएको।"

६. **मूल नियमावलीमा नियम २८क. थप** : मूल नियमावलीको नियम २८ पछि देहायको नियम २८क. थपिएको छ :-

"**२८क. प्रतिवेदनमा समावेश गर्नुपर्ने**: (१) सहकारी संस्थाले ऐनको दफा ७३ को उपदफा (१) बमोजिम पेस गर्ने प्रतिवेदनमा सो उपदफामा उल्लिखित विवरणका अतिरिक्त देहायका विवरणसमेत समावेश गर्नु पर्नेछ :-

(क) संस्थाका सञ्चालक, लेखा सुपरिवेक्षण समितिका सदस्य, व्यवस्थापक र लेखापरीक्षकको पारिश्रमिक, भत्ता तथा अन्य सुविधाको विवरण,

(ख) संस्थाको मुख्य कार्यालय तथा सेवा केन्द्र सम्बन्धी विवरण र कुल कर्मचारी सङ्ख्या तथा कुल व्यवस्थापन खर्चको विवरण,

(ग) संस्थाको लगानी र बाह्य दायित्वको विवरण,

(घ) सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनी व्यवस्थाको परिपालना सम्बन्धी विवरण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) संस्थाको विनियम तथा आन्तरिक कार्यविधि संशोधन भएको भए सो सम्बन्धी विवरण।

(२) उपनियम (१) बमोजिमका विवरण समावेश भएको प्रतिवेदनका आधारमा सम्बन्धित रजिष्ट्रार वा दर्ता अधिकारीले सहकारी संस्था अद्यावधिक गरिदिनु पर्नेछ।

(३) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले उपनियम (१) बमोजिमको विवरण प्राधिकरणमा समेत पेस गर्नु पर्नेछ।"

७. **मूल नियमावलीको नियम ३७ मा संशोधन** : मूल नियमावलीको नियम ३७ को सट्टा देहायको नियम ३७ राखिएको छ:-

"३७. **कर्जा सूचना केन्द्रलाई विवरण उपलब्ध गराउनु पर्ने** : ऐनको दफा २०क. को उपदफा (२) बमोजिम प्राधिकरण वा प्राधिकरणले तोकेको निकायमा दर्ता भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको विवरण प्राधिकरणले कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।

८. **मूल नियमावलीको नियम ३८ मा संशोधन** : मूल नियमावलीको नियम ३८ को सट्टा देहायको नियम ३८ राखिएको छ:-

"३८. **ऋण नतिर्ने सदस्यको नाम प्रकाशन गर्नु पर्ने** : ऐनको दफा ७९ र ८३ बमोजिम सहकारी संस्थाको ऋण तथा बाँकी बक्यौता तिर्नु बुझाउनुपर्ने भाखा नाघेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एक वर्षसम्म पनि त्यस्तो रकम असुलउपर हुन बाँकी रहेमा वा जुन प्रयोजनका लागि ऋण लिएको हो सो प्रयोजनमा खर्च नगरी हिनामिना गरेमा त्यस्तो सदस्यको नामनामेसी सहितको विवरण सहकारी संस्थाले सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।"

९. **<u>मूल नियमावलीमा नियम ३८क. थप</u>** : मूल नियमावलीको नियम ३८ पछि देहायको नियम ३८क. थपिएको छ:-

"**३८क. <u>निष्क्रिय सूची प्रकाशन गर्न सक्ने</u>** : (१) कुनै सहकारी संस्था दर्ता भएको मितिले दुई वर्षसम्म कारोबार नगरी निष्क्रिय रहेमा वा लगातार दुई वर्षदेखि लेखापरीक्षण प्रतिवेदन लगायत ऐनको दफा ७३ बमोजिमको विवरण सहितको प्रतिवेदन पेस नगरी निष्क्रिय अवस्थामा रहेमा वा नियम ७क. बमोजिम इजाजतपत्रको नवीकरण नगराएमा त्यस्तो सहकारी संस्थालाई कुनै पनि कारोबार गर्न नपाउने गरी रजिष्ट्रार वा दर्ता अधिकारीले निष्क्रिय सहकारीको सूची सार्वजनिक रूपमा प्रकाशन गर्न सक्नेछ।

(२) रजिष्ट्रार वा दर्ता अधिकारीले उपनियम (१) बमोजिमको सूचीमा रहेका सहकारी संस्था खारेजीको प्रक्रिया सुरु गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको प्रक्रिया सुरु भएको कारणले मात्र त्यस्तो सहकारी संस्थाले ऐन तथा यस नियमावली बमोजिम फरफारक गर्नुपर्ने दायित्व तथा जिम्मेवारीबाट उन्मुक्ति पाउने छैन।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१०.** **<u>मूल नियमावलीको नियम ४२ मा संशोधन</u>** : (१) मूल नियमावलीको नियम ४२ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ:-

"(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०८२ चैत १२ गते भन्दा अगाडि नियुक्त भई बहाल रहेका अध्यक्ष तथा सदस्य यो उपनियम प्रारम्भ भए पछि स्वतः पद मुक्त हुनेछन्।"

**११.** **<u>मूल नियमावलीको नियम ४४ मा संशोधन</u>** : मूल नियमावलीको नियम ४४ को उपनियम (३) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ:-

"तर कर्जा असुली न्यायाधिकरण गठन हुनु अघि पाँच वर्षभन्दा बढी अवधि भाखा नाघेको कर्जाको हकमा कर्जा असुली न्यायाधिकरण पहिलो पटक गठन भएको मितिले तीन वर्षभित्र निवेदन दिन सकिनेछ।"

**१२.** **<u>मूल नियमावलीमा नियम ४८क. थप</u>** : मूल नियमावलीको नियम ४८ पछि देहायको नियम ४८क. थपिएको छ :-

"**४८क. <u>निर्णय वा आदेशको आनुषङ्गिक त्रुटि सच्याउने</u>**: (१) कर्जा असुली न्यायाधिकरणको निर्णय वा आदेशको लेखाइ वा टाइपमा कुनै आनुषङ्गिक त्रुटि हुन गएको रहेछ भने त्यस्तो त्रुटि सच्याउन सरोकारवाला पक्ष वा निजको वारेसले सो न्यायाधिकरणसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्णय वा आदेशमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आनुषङ्गिक त्रुटि भएको कुरा कर्जा असुली न्यायाधिकरणको कर्मचारीलाई जानकारी भएमा निजले कर्जा असुली न्यायाधिकरणमा सोही व्यहोराको प्रतिवेदन दिन सक्नेछ।

(३) उपनियम (१) बमोजिमको निवेदन वा उपनिमय (२) बमोजिमको प्रतिवेदनको व्यहोराबाट आनुषङ्गिक त्रुटि सच्याउनु पर्ने देखिएमा कर्जा असुली न्यायाधिकरणले छुट्टै पर्चा खडा गरी सच्याउने आदेश गर्नेछ।

तर निर्णयमा तात्विक अन्तर हुने गरी आदेश दिन सकिने छैन।

(४) उपनियम (३) बमोजिमको आनुषङ्गिक त्रुटि सच्याउने आदेश सम्बन्धित निर्णय वा आदेशको अभिन्न अङ्ग मानिनेछ।"

**१३. <u>मूल नियमावलीको नियम ४९ मा संशोधन</u>** : मूल नियमावलीको नियम ४९ को उपनियम (१) मा रहेका "उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ" भन्ने शब्दहरू पछि "र सो अदालतको निर्णय अन्तिम हुनेछ" भन्ने शब्दहरू थपिएका छन्।

**१४. <u>मूल नियमावलीको नियम ५१ मा संशोधन</u>** : मूल नियमावलीको नियम ५१ को सट्टा देहायको नियम ५१ राखिएको छ:-

"**५१. <u>कर्जा असुली अधिकृत</u>** : (१) मन्त्रालयले नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत कर्मचारीलाई कर्जा असुली न्यायाधिकरणमा कर्जा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

असुली अधिकृतको रूपमा काम गर्ने गरी तोक्न सक्नेछ।

(२) कर्जा असुली अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) कर्जा असुली न्यायाधिकरणको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्ने,

(ख) उजुरी, निवेदन, प्रतिउत्तरपत्र र अन्य लिखतहरू हेरी जाँची रीत पुगेको भए दर्ता गर्ने,

(ग) मुद्दामा पेस भएका कागजात जाँची प्रमाणित गरी मिसिलमा संलग्न राख्ने,

(घ) म्याद जारी गर्ने, म्याद तामेल गर्ने, गराउने,

(ङ) प्रचलित कानूनबमोजिम वारेसनामा प्रमाणित गर्ने र मुद्दा सकार गराउने,

(च) कर्जा असुली न्यायाधिकरणबाट भएको आदेश बमोजिम धरौटी वा जमानत लिने,

(छ) दर्ता किताब समेतका स्रेस्ता दुरुस्त राख्ने, राख्न लगाउने,

(ज) मुद्दाको टिपोट जाँची दस्तखत गरी मिसिल सामेल राख्ने, राख्न लगाउने,

(झ) कर्जा असुली न्यायाधिकरणबाट भएको आदेश तथा निर्णय बमोजिमको कार्य गर्ने गराउने,



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) आदेश तथा निर्णय सिलसिलेवार ढङ्गले सुरक्षित राख्ने व्यवस्था मिलाउने,

(ट) कर्जा असुली न्यायाधिकरणमा रहेका मिसिल कागजपत्रको सुरक्षा गर्ने,

(ठ) मुद्दा अन्तिम भई निर्णय वा फैसला कार्यान्वयनको आदेश प्राप्त भएपछि कर्जा असुलीको कारबाही गर्ने,

(ड) आफू मातहतका कर्मचारीको कार्य विवरण तयार गर्ने, कार्य जिम्मेवारी तोक्ने तथा कामको नियमित अनुगमन गर्ने र कर्मचारीको वैयक्तिक अभिलेख राख्ने।"

**१५. <u>मूल नियमावलीको नियम ७२ मा संशोधन</u>** : मूल नियमावलीको नियम ७२ को सट्टा देहायको नियम ७२ राखिएको छ:-

"**७२. <u>अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी विशेष व्यवस्था</u>** : (१) ऐनको दफा ९७ को उपदफा (४) को प्रयोजनको लागि बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्दा ऐनको दफा २३क. बमोजिम नेपाल राष्ट्र बैङ्क र ऐनको दफा १०३ज. को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम प्राधिकरणले जारी गरेको निर्देशन तथा मापदण्ड बमोजिम गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिमको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने प्रयोजनका लागि प्राधिकरणले व्यवस्थापन सूचना प्रणाली विकास गरी लागु गर्न सक्नेछ।

(३) यस नियम बमोजिम प्राधिकरणले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थामा अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्दा आवश्यकता अनुसार स्थलगत, गैर-स्थलगत, संयुक्त र सघन विधि अवलम्बन गर्न सक्नेछ।

(४) ऐनको दफा १५० बमोजिम सम्बन्धित दर्ता अधिकारी र रजिष्ट्रारले नियमन, अनुगमन र सुपरिवेक्षण गर्दा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको वित्तीय सुशासन तथा जोखिमको आधारमा थप नियमन, अनुगमन र सुपरिवेक्षण गर्नु पर्ने आवश्यक ठानेमा प्राधिकरणसमक्ष अनुरोध गरी पठाउन सक्नेछ।

(५) सहकारी संस्थाको निरीक्षण, अनुगमन तथा सुपरिवेक्षण गर्दा समस्या देखिएका र उजुरी गुनासो प्राप्त भएको सहकारी संस्थालाई प्राथमिकता दिनु पर्नेछ।"

**१६. <u>मूल नियमावलीमा नियम ७२क. थप</u>** : मूल नियमावलीको नियम ७२ पछि देहायको नियम ७२क. थपिएको छ :-

**"७२क. <u>सङ्घले निरीक्षण तथा अनुगमन गर्ने</u>** :

(१) ऐनको दफा ९९ को उपदफा (१)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम सङ्घले आफ्ना सदस्य सहकारी संस्थाको नियमित निरीक्षण तथा अनुगमन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा देहाय बमोजिम हुने गरी व्यवस्था गर्नुपर्नेछ :-

(क) स्थानीय तहमा दर्ता भएका सदस्य सहकारी संस्थाको अनुगमन तथा निरीक्षण जिल्ला विषयगत सङ्घले,

(ख) जिल्ला विषयगत सङ्घको अनुगमन तथा निरीक्षण जिल्ला सहकारी सङ्घ तथा प्रदेश विषयगत सङ्घले,

(ग) प्रदेश विषयगत सङ्घको अनुगमन तथा निरीक्षण प्रदेश सहकारी सङ्घले,

(घ) प्रदेश सहकारी सङ्घको अनुगमन तथा निरीक्षण केन्द्रीय विषयगत सङ्घले, र

(ङ) केन्द्रीय विषयगत सङ्घको अनुगमन तथा निरीक्षण महासङ्घले।

(३) उपनियम (१) बमोजिम सङ्घले अनुगमन तथा निरीक्षण गरी सम्बन्धित निकायमा प्रतिवेदन पेस गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(४) उपनियम (२) र (३) बमोजिम प्रतिवेदन पेस नगर्ने सङ्घको अनुगमन तथा निरीक्षण तालुक सङ्घले गर्न सक्नेछ।

(५) यस नियमबमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गरेकोमा सोको प्रतिवेदन प्राधिकरणमा समेत पठाउनु पर्नेछ।

(६) सङ्घले पेस गर्ने प्रतिवेदनमा ऐनको दफा ९९ को उपदफा (२) मा उल्लेख भएका विषयका अतिरिक्त सदस्यहरूको गुनासो व्यवस्थापन, सदस्य केन्द्रित तथा गैर सदस्य कारोबारको अवस्था र निष्क्रिय संस्था सम्बन्धी विवरण समेत समेट्नु पर्नेछ।”

**१७. __मूल नियमावलीमा परिच्छेद-१३क. थप__** : मूल नियमावलीको परिच्छेद-१३ पछि देहायको परिच्छेद- १३क. थपिएको छ:-

**“परिच्छेद-१३क.**

**__राष्ट्रिय सहकारी नियमन प्राधिकरण__**

**७३क. __प्राधिकरणको काम, कर्तव्य र अधिकार__ :** ऐनको दफा १०३ज. मा उल्लेख भएको काम, कर्तव्य र अधिकारको अतिरिक्त प्राधिकरणको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) बचत रकम हिनामिना लगायतका उजुरी तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ख) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको लेखापरीक्षण प्रतिवेदन तथा पारदर्शिता प्रवर्धनका उपकरणको मूल्याङ्कन गर्ने, गराउने,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन र सुशासनको अवस्थाको परीक्षण गर्ने, गराउने,

(घ) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने,

(ङ) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको विनियम संशोधन, एकीकरण तथा विभाजन, विषय परिवर्तन, कार्यक्षेत्र विस्तार वा सेवा केन्द्र थप गर्ने सम्बन्धी कार्य गर्ने,

(च) प्राधिकरणको कामकारबाहीमा सहकारीको व्यवस्थापन सूचना प्रणाली उपयोगमा ल्याउने,

(छ) नियम ७६ को उपनियम (१) को खण्ड (ड१) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा विवरण अद्यावधिक गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) प्राधिकरणको वार्षिक बजेट, नीति तथा कार्यक्रम स्वीकृत गर्ने।

**७३ख. <u>प्राधिकरणको अध्यक्षको काम, कर्तव्य र अधिकार</u> :** ऐनको दफा १०३झ. मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्राधिकरणको अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) प्राधिकरणको बैठकमा पेस गरिने कार्यसूची सहितको प्रस्ताव स्वीकृत गर्ने,

(ख) प्राधिकरणको वार्षिक बजेट, नीति तथा कार्यक्रम तयार गराई प्राधिकरणबाट स्वीकृत गराउने,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन, सुपरिवेक्षण तथा प्रतिवेदन प्रणालीसम्बन्धी काम गर्ने, गराउने,

(घ) अन्तर्राष्ट्रिय सहकारी सङ्घ संस्थासँग सहकार्य तथा समन्वय गर्ने, गराउने,

(ङ) प्राधिकरणको आर्थिक स्रोतको व्यवस्थापन गर्ने, गराउने,

(च) प्राधिकरणको वार्षिक प्रतिवेदन तयार गर्ने, गराउने,

(छ) प्राधिकरणको कामकारबाहीलाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार प्रदेश, स्थानीय तह तथा विषयगत विज्ञसँग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्पर्क र समन्वय गरी राय तथा सुझाव लिने, दिने,

(ज) प्राधिकरणको काम कारबाहीमा सुशासन, आर्थिक मितव्ययिता र अनुशासन पालना गर्ने गराउने,

(झ) प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकार विज्ञ सदस्य, कार्यकारी निर्देशक वा अन्य कर्मचारीलाई प्रत्यायोजन गर्ने।

**७३ग. प्राधिकरणको कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार** : ऐनको दफा १०३ग. को उपदफा (२क) बमोजिम प्राधिकरणको कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) प्राधिकरणका कर्मचारीको व्यवस्थापनसम्बन्धी काम गर्ने,

(ख) प्राधिकरणको वार्षिक नीति, योजना, कार्यक्रम तथा बजेट तयार गरी अध्यक्षसमक्ष पेस गर्ने,

(ग) प्राधिकरणको स्वीकृत वार्षिक नीति, योजना, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने गराउने,

(घ) प्राधिकरणको बैठकको कार्यसूचीसहितको प्रस्ताव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तयार गरी अध्यक्ष समक्ष पेस गर्ने,

(ङ) प्राधिकरणको निर्णय प्रमाणित गराई सुरक्षित राख्ने,

(च) प्राधिकरण र अध्यक्षबाट भएको निर्णय कार्यान्वयन गर्ने गराउने,

(छ) सहकारी संस्थासम्बन्धी उजुरी वा गुनासोको सुनुवाई गर्ने,

(ज) सहकारी संस्थाको दर्ता अभिलेखीकरण, पूर्व स्वीकृति तथा इजाजतसम्बन्धी निवेदन तथा कागजातहरू जाँचबुझ गरी प्राधिकरणसमक्ष पेस गर्ने र निर्णय भएबमोजिम दर्ता अभिलेखीकरण, पूर्व स्वीकृति तथा इजाजतपत्र दिने,

(झ) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको लेखापरीक्षणको नियमित अनुगमन गरी निर्धारित अवधिभित्र लेखापरीक्षण नगराउने सहकारी संस्थाको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लेखापरीक्षण गर्न गराउन निर्देशन दिने,

(ञ) समस्याग्रस्त सहकारी संस्था घोषणासम्बन्धी पूर्व अवस्थाको विश्लेषण गरी प्रक्रिया अगाडि बढाउने,

(ट) प्राधिकरणको कार्यसम्पादनका लागि आवश्यक निर्देशिका, मापदण्ड वा कार्यविधिको मस्यौदा गर्ने गराउने,

(ठ) प्राधिकरणको आय व्ययको अभिलेख राख्ने र कानून बमोजिमको प्रतिवेदन गर्ने गराउने,

(ड) प्राधिकरण वा अध्यक्षले प्रत्यायोजन गरे बमोजिमको अन्य काम गर्ने।

**७३घ. <u>प्राधिकरणको कोषको खाता सञ्चालन</u>** : प्राधिकरणको कोषको खाता सञ्चालन प्राधिकरणको कार्यकारी निर्देशक वा निजले तोकेको प्राधिकरणको वरिष्ठतम् अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।"

**१८. <u>मूल नियमावलीको नियम ७४ मा संशोधन</u>** : मूल नियमावलीको नियम ७४ को उपनियम (१) मा रहेका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"खण्ड (छ) बमोजिमको रकम जम्मा गर्न सक्नेछन्" भन्ने शब्दहरूको सट्टा "खण्ड (छ) बमोजिमको रकम जम्मा गर्नु पर्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

**१९.** **मूल नियमावलीको नियम ७६ मा संशोधन** : मूल नियमावलीको नियम ७६ को उपनियम (१) को खण्ड (ड) पछि देहायको खण्ड (ड१) थपिएको छ:-

"(ड१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको वार्षिक प्रतिवेदन र अद्यावधिक विवरण प्राधिकरणमा पठाउने,"

**२०.** **मूल नियमावलीको नियम ७७ मा संशोधन** : मूल नियमावलीको नियम ७७ को उपनियम (१) को खण्ड (ङ) झिकिएको छ।

**२१.** **मूल नियमावलीमा नियम ८३क. थप** : मूल नियमावलीको नियम ८३ पछि देहायको नियम ८३क. थपिएको छ:-

"**८३क.** **नियमन, अनुगमन तथा सुपरिवेक्षण समिति** : ऐनको दफा १५० को उपदफा (८) बमोजिम नियमन, अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको नियमन, अनुगमन तथा सुपरिवेक्षण समिति रहनेछ :-

(क) रजिष्ट्रार वा दर्ता अधिकारी वा निजले तोकेको अधिकृत -संयोजक

(ख) संस्थाको कार्यप्रकृतिसँग सम्बन्धित नियामक निकायको प्रतिनिधि -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) रजिष्ट्रारले तोकेको सम्बन्धित विषयको विज्ञ -सदस्य"

२२. **<u>मूल नियमावलीको नियम ८५ मा संशोधन</u> :** मूल नियमावलीको नियम ८५ को सट्टा देहायको नियम ८५ राखिएको छ :-

"**८५. <u>विवरण पठाउनुपर्ने</u>** : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको नियमन क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाको कुल दर्ता सङ्ख्या, सञ्चालनमा रहेका र निष्क्रिय अवस्थामा रहेका संस्था सहितको वार्षिक विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र स्थानीय तहले सम्बन्धित प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयमा पठाउनु पर्नेछ।

(२) प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयले उपनियम (१) बमोजिमको विवरण र प्रदेशको नियमन क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाको वार्षिक विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र विभागमा पठाउनु पर्नेछ।

(३) उपनियम (१) र (२) को आधारमा विभागले सहकारी संस्थाको एकीकृत वार्षिक विवरण तयार गरी प्रत्येक वर्षको माघ मसान्तभित्र मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(४) उपनियम (१), (२) र (३) बमोजिम पठाउनुपर्ने विवरणमध्ये बचत तथा ऋणको मुख्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारोबार गर्ने सहकारी संस्थाको विवरण प्राधिकरणमा समेत पठाउनु पर्नेछ।

(५) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको एकीकरण वा विभाजन भएमा स्थानीय तहले सोको विवरण सम्बन्धित प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयमा पठाउनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम प्राप्त विवरण र प्रदेशको नियमन क्षेत्राधिकारभित्र पर्ने बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको एकीकरण वा विभाजन सम्बन्धी विवरण प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयले प्राधिकरणमा पठाउनु पर्नेछ।

(७) सङ्घ वा प्रदेशको नियमन क्षेत्राधिकार अन्तर्गत रहेको सहकारी संस्थाले प्रदेश वा स्थानीय तहमा कार्यालय, सेवा केन्द्र वा अन्य माध्यमबाट सेवा सञ्चालन गर्दा प्रदेश वा स्थानीय तहमा जानकारी दिनु पर्नेछ।"

२३. **मूल नियमावलीमा नियम ८५क. थप** : मूल नियमावलीको नियम ८५ पछि देहायको नियम ८५क. थपिएको छ:-

"**८५क. जानकारी दिनुपर्ने** : (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले ऐनको दफा १०१ बमोजिम निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्य संस्थाको रूपमा सदस्यता लिएको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्राधिकरणले उपनियम (१) बमोजिमको जानकारी निक्षेप तथा कर्जा सुरक्षण कोषसँग समेत माग गर्न सक्नेछ।

(३) ऐनको दफा १६क. बमोजिम प्राधिकरणबाट इजाजतपत्र प्राप्त र दफा २०क. बमोजिम प्राधिकरणमा दर्ता अभिलेखीकरण भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नामावली प्राधिकरणले निक्षेप तथा कर्जा सुरक्षण कोषलाई उपलब्ध गराउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमका संस्थाले निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित संस्थाको सदस्यता लिए वा नलिएको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ।

(५) ऐनको दफा ८८ बमोजिम दर्ता खारेज भएका वा दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको विवरण प्राधिकरणले निक्षेप तथा कर्जा सुरक्षण कोषलाई उपलब्ध गराउनु पर्नेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार नगर्ने अन्य सहकारी संस्थाको विवरण विभागले निक्षेप तथा कर्जा सुरक्षण कोषलाई उपलब्ध गराउनु पर्नेछ र कोषको सदस्य भएका संस्था सम्बन्धी विवरण कोषले विभागलाई जानकारी गराउनु पर्नेछ।”



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**२४.** **<u>रूपान्तर</u>** : मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "राष्ट्रिय सहकारी विकास बोर्ड" भन्ने शब्दहरूको सट्टा "प्राधिकरण" भन्ने शब्द राखी रूपान्तर गरिएको छ।

**२५.** **<u>खारेजी</u>** : मूल नियमावलीको नियम ६४, ६५, ६६, ६७, ६८ र ६९ खारेज गरिएका छन्।

**आज्ञाले,**
**मदन भुजेल**
**नेपाल सरकारको सचिव।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।